

294.3
T266बु

बुद्धको आत्मकथा

बुद्धको आत्मकथा

संकलक, अनुवादक र सम्पादक

बसन्त महर्जन

प्रकाशक

इन्साइट पब्लिकेशन प्रा.लि.

काठमाडौं, नेपाल

दिल्ली रमण रेग्मी कल्याणी रेग्मी स्मारक पुस्तकालय
Dilli Raman Regmi Kalyani Regmi Memorial Library
Kathmandu, Nepal
काठमाडौं, नेपाल

२९४.३
म२६८बु

२६३८०

पुस्तक : बुद्धको आत्मकथा

संकलक
सम्पादक
अनुवादक
बसन्त महर्जन

प्रकाशक : इन्साइट पब्लिकेशन प्रा.लि.
पो.ब. नं. ८६४८,
काठमाडौं, नेपाल
इमेल : Insightpublication1@yahoo.com

मुद्रण : ईमेज प्रिन्टर्स
चावहिल, काठमाडौँ
फोनः ४४७८२६६

ISBN : 978-9937-8345-4-4

© सर्वाधिकार : संकलक, अनुवादक तथा सम्पादक

कभर डिजाइन : वीरेन्द्र श्रेष्ठ
(कभर तस्वीर : बसन्त महर्जन)

पहिलो संस्करण: ई.सं. २०१०
द्वितीय संस्करण : ई.सं. २०१३
मूल्य : रू. ६०/-

सम्पादकीय...

बुद्ध, अर्थात् गौतम बुद्धको आत्मकथा भनेपछि धेरैजसोले अनौठो मान्न सक्लान् । वास्तवमा बुद्ध स्वयम्ले कहिल्यै पनि आत्मकथा वा यस्ता केही कुराहरू लेखेर गएनन् । आत्मकथा भनेको त आफ्नो जीवन वृत्तान्त आफैले लेखेर वा बोलेर सुरक्षित राख्ने विधा हो । बुद्धले आत्मकथा भनेर न आफैले लेखे न त कसैलाई लेख्न नै लगाए । अझ उपदेशहरू पनि लेखिएनन् । महापरिनिर्वाणको केही वर्षपछि ती उपदेश सङ्कलन गरिएको थियो तर मौखिक रूपमा नै रह्यो । निकै वर्षपछि मात्र त्यसलाई लिपिवद्ध गराइएको थियो । यस्तो अवस्थामा बुद्धको आत्मकथा भन्नु आफैमा नमिल्दो कुरा देखिन आउँछ । तर, बौद्ध वाङमयका विभिन्न ग्रन्थहरूमा छरिएर रहेका बुद्ध जीवनसँग सम्वद्ध स्वयं बुद्धकै मुखबाट अर्थात् प्रथम पुरूष संवाद शैलीमा व्यक्त विवरणलाई सङ्कलन गरी यहाँ आत्मकथाका रूपमा प्रस्तुत गरिएको हो ।

बुद्धको यस प्रकारको आत्मकथा भिक्षु सुदर्शन महास्थविरबाट सङ्कलन भई प्रकाशित भएको थियो जुन निकै संक्षिप्त थियो । उक्त प्रकाशनका क्रममा अचम्म लागेको थियो । त्यसअघि नै प्रकाशित भए पनि पछि मात्रै अध्ययन गर्न पाएको भगतसिंह उपाध्यायद्वारा संकलित विवरणमा तुलनात्मक रूपमा अलि बढी नै प्रस्तुती गरिएको थियो । त्रिपिटकको अध्ययनका क्रममा थप सामग्रीहरू भेटियो । अझ एउटै विवरण पनि अलग अलग ठाउँ, समय र व्यक्तिलाई भनेको पनि पाइयो । ती कुराहरू कतिपय हुबहू मिल्दाजुल्दा छन् त कति थपघट पनि । जस्तै मज्झिमनिकायमा सङ्ग्रहीत बोधिराजकुमार सूत्र, अरियपरियेसन-सुत्तन्त र महासीहनाद-सुत्तन्तमा एउटै विवरण तर कुनैमा धेरै कुनैमा थोरैको मात्र फरक पाइन्छ । असरल्ल छरिएर रहेका आत्मकथ्यद्वारा व्यक्त विवरणहरू सङ्कलन, अनुवाद र सम्पादन गर्ने क्रममा प्रस्तुत सामग्री तयार भएको हो ।

त्रिपिटक ग्रन्थको अध्ययनका लागि नेपाली र नेपालभाषामा पनि अनुवाद भएको पाइन्छ । यस आत्मकथाका लागि दुण्डबहादुर बज्राचार्यद्वारा अनुदित दीघनिकाय, मज्झिमनिकाय र संयुक्तनिकायबाट पनि विवरणहरू सम्पादनसहित सङ्कलन गरिएको छ । यसरी नै अन्य ग्रन्थहरू हिन्दी भाषाका हुन् जुन बिब्लियोग्राफीमा उल्लेख छ ।

विषयसूचि

पूर्वज	७
परिचय	८
मेरो नगरको नाम कपिलवस्तु	९
महाभिनिष्क्रमण	१२
अलारकालम	१५
उद्दकरामपुत्र	१७
तपश्या	१९
ब्रम्हासँग सम्वाद	२६
कसलाई उपदेश सुनाउँ ?	२८
धर्मचक्र प्रवर्त्तन गर्न काशी जाँदैछु	२९
सारनाथमा	३१
सारिपुत्र र मौद्‌गल्यायन	३५
श्रवण ! (तिमी) के कुरा बताउने हो ?	३६
अन्तिम दिनहरू	३८
शब्दार्थ	४४
सन्दर्भ सामग्री	४८

पूर्वज

पूर्व कालमा राजा ओक्काकले आफ्नी प्रिय रानीको छोरालाई राज्य दिनका लागि ओक्कामुख (उल्कामुख), करकण्डु, हत्थिनिक (हस्तीनिक), सिनिपुर नामक जेठा छोराहरूलाई राष्ट्रबाट निष्कासित गरे । उनीहरू हिमालप्रदेशतिर गई एउटा पोखरीको किनारको महाशाक वनखण्डमा बसोवास गरे । जाति बिग्रला भनी उनीहरूले आफ्नै बहिनीहरूसँग विवाह गरी बसेका छन् । एक दिन राजा ओक्काकले अमात्य (मन्त्री) र राजदरवारका मानिसलाई बोलाई सोधे- "आजकाल राजकुमारहरू कहाँ बस्छन् ?"

उनीहरूले बिन्ती गरे- "राजकुमारहरू आजकाल हिमालतिर एउटा पोखरीको किनारमा महाशाक भन्ने वनखण्डमा बसेका छन् । जाति बिग्रला भनी आफ्नै बहिनीहरूसँग बसेका छन् ।"

अनि ओक्काक राजा खुसी भई शक्या, हे राजकुमार ! शक्या, हे राजकुमार ! एक दम शक्या' भन्ने कुरा राजाको मुखबाट उदान निस्क्यो । त्यहाँदेखि शाक्य जातिको प्रादुर्भाव भयो । उनीहरू नै शाक्यका पूर्वज पुरुष थिए ।"

परिचय

"हिमालय (हिमवन्त) को तराईमा एक जनपद छ । त्यहाँ कोशल देशवासी एक ऋजु स्वभावका राजा छन्, जुन धन र पराक्रमले युक्त हुनुहुन्छ । तिनी सूर्यवंशी हुन् र शाक्य जातिका हुन् । मैले उनको कुलमा प्रव्रजित भएँ ।

(पब्बज्जा-सुत्त, सुत्त निपात)


ooo




मेरो नगरको नाम कपिलवस्तु

"मेरो नगरको नाम कपिलवस्तु हो । मेरा बुबाको नाम शुद्धोदन हो । मेरी आमा, जसले मलाई जन्म दिइन्, मायादेवी हुन् । उन्तीस वर्षसम्म मैले घरमा नै बसेँ । मेरो लागि भनेर तीन वटा उत्तम प्रासाद बनाइएको थियो, जसको नाम थियो, रम्य, सुरम्य र शुभ । मेरो प्रासादमा सुन्दर र सिंगारिएका थुप्रै नारीहरूको उपस्थिति रहन्थ्यो । भद्रकाञ्चना (भद्दकच्चा, भद्रा कात्यायनी, भद्रकृत्य, बिम्वबा, आदि नाम प्रचलित भए पनि बढी प्रचलित नाम गोपा वा यशोधरा नै हो) मेरी नारी हुन् र राहुल नाउँको छोरा छ ।" *(बुद्धवंश)*





बुद्धको जन्मस्थल लुम्बिनीमाको तीर्थाटन गर्न ई.पू. २४९ मा आएका मौर्य सम्राट आशोकले यस सम्बन्धी अभिलेखसहित राखिएको पाषाण स्तम्भ । यही अभिलेखबाट बुद्धको जन्मस्थलबारे निर्क्यौल भएको हो ।



मौर्य सम्राट अशोक आफ्नो राज्याभिषेकको बीसौं वर्षको अवसरमा ई.पू. २४९मा बुद्धको जन्मस्थलको तीर्थ भ्रमणमा आएका थिए । यस अवसरमा आफ्नो यात्राका सम्वन्धमा अंकित अभिलेखसहित शिलास्तम्भ ठड्याइएको थियो । यस अभिलेखमा गौतम बुद्धको जन्म स्थान देखाउने सङ्केतक शिलालाई व्यवस्थित गरी शिलास्तम्भ ठड्याइएको उल्लेख छ ।

महाभिनिष्क्रमण

"बुद्धत्व प्राप्तिभन्दा पहिले जबकि म बोधिसत्व नै थिएँ र सम्यक् ज्ञानका लागि प्रयत्न गरिरहेको थिएँ, मेरो मनमा यस्तो विचार आउँदै गर्थ्यो, अहो ! यो संसार दुःखमा परेको छ । यहाँ जन्मनु र मर्नुपर्छ । एक अवस्थाबाट च्युत भएर अर्को अवस्थामा जानु पर्छ । यहाँ जरा र मृत्यु छ । यस दुःखबाट विमुक्ति थाहा छैन । के यसबाट निःसरण गर्ने कुनै मार्ग होला ?" *(संयुक्त निकाय)*

"बुद्धत्व प्राप्तिभन्दा पूर्व, जब कि म बोधिसत्त्व नै थिएँ र सम्यक् ज्ञानका लागि प्रयत्न गरिरहेको थिएँ, (मैले देखें कि) म स्वयं जन्म, जरा, रोग मृत्यु र दुःखबाट पीडित थिएँ र गवेषण पनि म यस्तै कुराहरू (पुत्र, भार्या, दासदासी, सुनचाँदी) को गरिरहेको थिएँ, जसको स्वभाव जन्म, जरा, रोग मृत्यु र दुःख हो । त्यसपछि, तब मलाई लाग्यो, किन म जन्म, जरा, रोग मृत्यु र दुःखबाट पीडित छु ? यस्तै कुराहरूको पछि दौडिरहेको छु, जुन पुनः यही कुरालाई जन्माउँछ ? यी कुराहरूको दुष्परिणामलाई देखेर म किन त्यस्ता कुराको पछि नलागुँ जहाँ न जन्म हुन्छ, न जरा हुन्छ, न रोग हुन्छ, न मृत्यु हुन्छ र न दुःख, बरू जो अनुपम योगक्षेम-स्वरूप र क्लेशरहित स्थान हुन्छ ?" *(अरियपरियेसन-सुत्तन्त, मज्झिमनिकाय)*

"मैलै बुद्ध हुनुअघि प्रथम उमेरमा यसरी विचार गरें- अनजात अनभिज्ञ एक सामान्य पृथकजनले आफू स्वयं एकदिन वृद्ध हुनु परेर पनि एक वृद्ध व्यक्तिलाई देख्यो भने उनमा मानसिक अशान्ति र घृणा उत्पन्न हुन जान्छ । म पनि एकदिन वृद्ध हुनु पर्नेछ, तसर्थ मैले वृद्धलाई देख्दा मानसिक अशान्ति र घृणा गर्नु योग्य

छ र ? यसो गर्नु योग्य अवश्य छैन । यसरी विचार गर्दै मेरो कलिलो उमेरमा उत्तेजित भइराखेको चित्त शिथिल र लोप भएर गएको थियो ।" (अंगुत्तर निकाय, तिकनिपात सुखुमाल सुत्त)

"गृहस्थाश्रम त अनेक बाधा अडचनले भरिएको हुन्छ तर प्रव्रज्या जीवनमा खुल्ला र स्वच्छ हावा हुन्छ । यही बुझेर म प्रव्रजित भएँ ।" *(सुत्तनिपातको पब्बज्ज सुत्त)*

"ममा यस्तो विचार आयो, गृहस्थ हुनु संकीर्ण र संकुचित छ । श्रमणत्व खुल्ला आकाशजस्तो छ । घरमा बस्ने व्यक्तिले निःसन्देह ब्रम्हचर्य आचरण गर्नु सजिलो छैन । यदि मैले केश दाढी क्षौर गरी काषाय वस्त्र धारण गरी श्रमणत्व धारण गर्न पाएमा राम्रो हुनेछ भनी विचार गरें ।" *(मज्झिमनिकायको महासच्चक सुत्त, संगारव सुत्तलगायत अन्य सुत्तमा)*

"म बुद्ध हुनुअघि ममा यस्तो विचार आएको थियो, "किन म जन्मिने स्वभाव भएको भएर पनि वृद्ध, रोगी र मरण स्वभाव भएको भएर पनि मलिन हुने स्वभाव भएको भएर पनि त्यस मलिन हुने स्वभावलाई नै खोजी गर्दै हिंडेको छु नि ? मैले त्यो जाति स्वभाव वृद्ध, रोगी र मरण स्वभावहरू प्रतिको दोषलाई जानी जाति नभएको वृद्ध, रोगी र मरण नभएको अनुत्तर उत्तम निर्वाणलाई खोज्ने छु भनी विचार गरें । *(मज्झिमनिकाय, अरियपरियेन्‌ सुत्त)*

सम्बुद्ध हुनुभन्दा पहिले बोधिसत्व छँदा मलाई पनि यस्तो लागेको थियो, सुखले सुख पाइँदैन बरू दुःखले नै सुख पाइन्छ । अनि पछि तन्नेरी छँदा छँदै, कालो केश छँदाछँदै, भद्र यौवन अवस्थामा आयुको प्रथम चरणमै, आमाबाबुको इच्छा बेगर उहाँहरूलाई रूवाउँदा रूवाउँदै केश दारी खौरेर काषायवस्त्र धारण गरी घरबार छाडी म प्रव्रजित भएँ । *(बोधिराजकुमार सूत्र, अरियपरियेसन-सुत्तन्त, मज्झिमनिकाय)*

०००

"आफ्नो दुश्कर्मबाट नै भय उत्पन्न हुन्छ । कलह गर्दै गरेका मान्छेहरूलाई

हेर । म संवेगको कुरा गर्छु, जस्तो कि मलाई संवेग (विरक्ती) प्राप्त भएको थियो । थोरै मात्र पानी भएको ठाउँमा जसरी माछाहरू छपपटाउँछन् त्यसरी नै मान्छेहरू छटपटाइरहेका, एक अर्काको विरूद्ध लागिरहेको देखेर मलाई भय भयो ।

चारैतिरको जीवन असार देख्न थालें । सबै दिशा कम्पन भइराखेको थियो । कुनै समाधान देखिन । मलाई दिक्क लाग्यो ।" *(अत्तदण्ड सुत्त)*

ooo

म विषयहरूको कामना गर्दिनँ । विषयहरूको दुष्परिणामलाई देखेर मैले वैराग्यको क्षेम बुझें । मुक्तिको गवेषणामा गइरहेको छु । मेरो मन यसैमा रमाउँछ ।"

(पब्बज्जा-सुत्त, सुत्त निपात)

"चार निमित्तहरूलाई देखेर म घोडा चढेर (कपिलवस्तुबाट) बाहिर निक्लें । छ वर्षसम्म मैले सत्य प्राप्तिका लागि कडा तपस्या गरें ।" (बुद्धवंश)

अलारकालम

"म प्रव्रजित भई किंकुशल गवेशी भई अनुत्तर शान्ति-पद खोज्दै म आलार कालाम भएको ठाउँमा गएँ ।

मैले आलार कालामसँग भनें- "आयुस्मन् कालाम, म तिम्रो धर्म विनयमा ब्रम्हचर्यवास गर्न चाहन्छु ।" यस्तो भनेपछि आलार कालामले मलाई भन्यो- "आयुष्मन् ! तिमी मसँग बस्न सक्छौ । यो धर्म विनय यस्तो छ कि जहाँ बुद्धिमान पुरूष शीघ्र नै आफ्नो अन्तर्ज्ञानबाट आफ्नो आचार्यको ज्ञान प्राप्त गर्न सक्छ ।"

चाँडै नै मैले उनको धर्मको अध्ययन गरें । उनले ओंठ चलाउने बित्तिकै परस्पर कुराकानी गर्ने बित्तिकै त्यो ज्ञान जानें, त्यसमा स्थिर भएँ, बुझेँ र देखेँ भनी मैले पनि अरूले पनि ज्ञापन गऱ्यौ । अनि मलाई यस्तो लाग्यो-आलाम कालामले यो धर्म न केवल श्रद्धाले साक्षात्कार गरी बसेको हुँ भनी भन्दछन्, अवश्य पनि यो धर्म जानी बुझी आलार कालाम बसेका होलान् ।

आलार कालम भएको ठाउँमा गएर सोधें- "आयुष्मण कालाम, कतिसम्ममा यस धर्मलाई स्वयं अभिज्ञानद्वारा साक्षात्कार गरी बसेको भनी भन्नुहुन्छ ?"

यसो भनेपछि आलार कालामले आकिञ्चन्यायतनसम्बन्धी कुरा बताए । अनि मलाई यस्तो लाग्यो- आलार कालममा मात्र श्रद्धा भएको होइन ममा पनि श्रद्धा छ । आलार कालाममा मात्र वीर्य भएको होइन, ममा पनि वीर्य छ । आलार कालाममा मात्र स्मृति, समाधि र प्रंज्ञा भएको होइन ममा पनि स्मृति, समाधि र प्रज्ञा छ । अतः जुन धर्म आलार कालामले स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बसेको छु

भनी भन्छन् त्यस धर्मलाइ मैले पनि साक्षात्कार गर्नको निमित्त कोसिस गर्नुपऱ्यो । अनि चीरकाल नबित्दै चाँडै नै त्यस धर्मलाई अभिज्ञाद्वारा साक्षात्कार गरी बसेँ ।

अनि आलार कालमसँग सोधेँ- "यत्तिकैले यो धर्मलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बसको छु भनी भन्नुहुन्छ ?"

"हो । यत्तिकैले यस धर्मलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बसेको हुँ भनी भन्दछु ।"

यत्तिकैले म पनि यो धर्मलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बसेको छु ।

"हाम्रा निमित्त यो लाभ हो र सुलाभ हो जुन तिमी जस्तो सब्रम्हचारीले देख्न पायौ । जुन धर्म स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी म बताउँछु, त्यो धर्म स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी तिमी पनि बसेका छौ । जुन धर्म स्वयं अधिज्ञाद्वारा साक्षात्कार गरी तिमी बसेका छौ त्यो धर्म मैले पनि स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बताएको छु यसरी जुन धर्म म जान्दछु त्यो धर्म तिमी पनि जान्दछौ । अतः जुन धर्म तिमी जान्दछौ त्यो धर्म म पनि जान्दछु । जस्तो म छु त्यस्तै तिमी छौ । जस्तो तिमी छौ, त्यस्तै म छु । अब आऊ, हामी दुवै मिलेर यो शिष्यमण्डलको हेरचाह गरौं ।"

यसरी आलार कालाम मेरो आचार्य भएर पनि आफ्नो शिष्य भएको मलाई आफूसमान राखे र मेरो ठूलो पूजा र सम्मान पनि गरे । अनि सो मलाई यस्तो लाग्यो- यो धर्मले निर्वेदमा, विरागमा, निरोधमा, उपशममा, अभिज्ञानमा सम्बोधिमा र निर्वाणमा पुऱ्याउन सक्दैन । यसले त आकिञ्चन्यायतन लोकमा मात्र पुऱ्याउने छ ।

अनि म त्यो धर्म अपर्याप्त ठानी त्यस धर्मबाट विरक्त भएँ । तब मैले त्यस धर्मलाई अपर्याप्त सम्झेर उदासीन हुँदै त्यहाँबाट निस्कँ ।

०००


उद्दकरामपुत्र

अनि म उद्दक रामपुत्रकहाँ गएँ । उद्दक रामपुत्रले नैवसंज्ञानासंज्ञायतन भन्यो । आफ्नो समान पदमा स्थापित गऱ्यो ।

मैले सोचें- यो धर्मले न निर्वेद, विराग, निरोध, उपशान्त, अभिज्ञान, सम्बोधि र निर्वाणमा पुऱ्याउन सक्दैन । यसले त केवल नैवसंद्दानासंज्ञायतन लोकमा मात्र पुऱ्याउनेछ । अनि त्यो धर्म अपर्याप्त ठानी त्यस धर्मबाट विरक्त भएर गएँ ।

त्यहाँबाट उदासीन हुँदै त्यहाँबाट निस्कें ।" *(बोधिराजकुमार सूत्र, अरियपरियेसन-सुत्तन्त : मज्भिमनिकाय)* ।

०००



तपश्या

'त्यहाँ मेरो तपश्चर्या यस्तो थियो-

म अचेलक (नाङ्गा साधु)ले झैं बसेर दिसा पिसाव गर्दिनथें । हातैले दिसा पुछ्थें । बोलाउँदा जाँदैनथें र उभिरहू भन्दा उभिरहन्थें । अघि नै लिएर आएको भिक्षा, उद्देश्य गरी बनाएको भिक्षा र निमन्त्रण गरेर दिएको भिक्षा पनि स्वीकार गर्दिनथें । घैंटोबाट झिकी दिएको भिक्षा, थैलोबाट झिकेर दिएको भिक्षा, दैलोमा बसेर दिएको भिक्षा, थामको बीचबाट दिएको भिक्षा, मूलका बीचबाट दिएको भिक्षा, खाइरहेका दुई जनामध्ये एक जना उठेर दिएको भिक्षा, गर्भिणीले दिएको भिक्षा, दुध चुसाइरहेकीले दिएको भिक्षा, कुनै पुरुषकहाँ गएकीले दिएको भिक्षा, कीर्तन गरी ल्याई पकाएको भिक्षा, कुकुरलाई दिने भनी ल्याएको खानाबाट दिएको भिक्षा र झिंगाहरू परेको भोजन पनि लिन्नथें । माछा, मासु, रक्सी, जाँड र अरक आदि पिउन्नथें । एकै घरमा भिक्षा लिन्थें र एक गाँस मात्र खान्थें । दुई घरमा भिक्षा लिन्थें र दुई गाँस मात्र खान्थें । ... सात घरमा भिक्षा लिन्थें र सात गाँस मात्र खान्थें । एउटा थालमा दिएको भिक्षाबाट यापन गर्थें, दुई वटा थालमा दिएको भिक्षाबाट यापन गर्थें, ... र सात वटा थालमा दिएको भिक्षाबाट यापन गर्थें । एकएक दिन बिराई खान्थें, दुई दुई दिन बिराई खान्थें ... र सात सात दिन बिराई खान्थें । यसरी आधाआधा महिनाको आलोपालो गरी म खान बस्थें ।

काँचो साग खान्थें, चामल खान्थें, जङ्गलका गेडागुडी मात्र खान्थें, छालाका टुक्राहरू खान्थें, झ्याउहरू खान्थें, कनिका खान्थें, डढेको भात खान्थें, पिना खान्थें, घाँस खान्थें, गोबर खाएर बस्थें र खसेका वनका फलहरूद्वारा पनि जीवनयापन गर्थें ।

गाई र गोठालाहरू निस्केको बेला पारेर म ती गोठहरूभित्र पस्थें र हात र घुँडाले टेकेर गई दुध खाने बाछाहरूको म गोबर खान्थें । यतिसम्म कि, आफ्न

मलमुत्र पनि छाड्दिनथैं, आफ्नै मलमुत्रपनि खान्थैं । यो थियो मेरो महाविकट भोजन ।

सनपाटको वस्त्र, मसानको वस्त्र, मृत शरीरको वस्त्र, मिल्काइएको वस्त्र, रूखका बोक्राको वस्त्र, मृगछालाको वस्त्र, खुरसमेत भएको मृग छालाको वस्त्र, कुशको वस्त्र, वाकचीरको वस्त्र, फलेकचीरको वस्त्र, रौंको कम्बल, घोडाको पुच्छरको कम्बल र लाटोकोसेरोको प्वाँख पनि लगाउँथैं । दान्ही जुङ्गा उखेल्थैं र दान्ही जुङ्गा उखेल्ने काममा लाग्थैं ।

आसनमा नबसी टुक्रुक्क बस्थैं र टुक्रुक्क बस्ने काममा लाग्दथैं । काँडाहरूमा सुत्थैं र काँढाहरूमा आसन जमाउँथैं । (पाप पखाल्न भनी) सन्ध्या समयसम्म दिनको तीन पटक नुहाउने गर्थें । यसरी अनेक प्रकारले शरीरलाई ताप पीडा दिने काममा लागेको थिएँ । यही मेरो तपश्चर्या थियो ।

मलाई सम्झना छ कि मेरो तपश्चर्याको त्यो समयमा म नग्न (अचेलक) पनि भएँ, मुक्ताचार पनि भएँ । आफ्नो लागि दिइएको भिक्षालाई मैले ग्रहण गरिनँ, न निमन्त्रणा नै स्वीकार गरैं । कहिलेकाहीँ म एउटै घरमा मात्र भिक्षा गर्थें र मेरो आहार हुन्थ्यो, केवल एक वा दुई कौर । एक दिन म एकपल्ट मात्र आहार गर्थें र कहिलेकाहीँ दुई दुई, सात सात र यहाँसम्म कि पन्द्रह पन्द्रह दिनमा एक पल्ट मात्रै पनि खान थालैं । कहिले केवल साग मात्र खान्थैं त कहिले काहीं सवा र कोदो मात्रै । म तृण-भक्षी (घाँस खाने) पनि भएँ र गोबर-भक्षी पनि भएँ । म रूखको बोक्राको चीर लगाउँथैं र कहिलेकाहीँ मुर्दाको कपडा मात्रै लगाउँथैं । काँडाहरू भएको शैयामा सुत्थैं र सन्ध्यामा जलशयनमा लग्न हुन्थैं । अनेक प्रकारले मैले आफ्नो शरीरलाई दुःख दिन्थैं । यस हदसम्म म तपस्विता थिएँ ।

वर्षौंको मयलको पाप्रापाप्रा मेरो शरीरमा संचित हुन्थ्यो । यो मयललाई म आफै धोऊँ वा अरूले, यसमा मलाई वास्ता थिएन । यस्तो हदसम्म मेरो रूक्षाचार बढेको थियो ।

म त्यहाँ अत्यन्तै एक्लो थिएँ । यदि कुनै ग्वाला, घाँसी वा दाउरेलाई देखें भने त्यहाँबाट हटेर अरू नै कुनै जङ्गल वा अड्डामा जान्थैं, ताकि म उसलाई नदेखूँ र उनले पनि मलाई नदेखून् ।

हेमन्तको रातमा म चौडामा रहन्थैं । मुर्दाका हड्डीहरूलाई सिरानी बनाएर म श्मशानमा सुत्थैं । चरूवाहरू आएर मलाई थुक्थे पनि, ममाथि पिसाब पनि फेर्थे,

धुलाले पनि हान्थे, र मेरो कानमा सिंगान पनि फाल्थे । तर मलाई ती कुराहरूमा कुनै नराम्रो भावना उत्पन्न हुँदैनथ्यो । यो हदसम्म म उपेक्षाविहारी थिएँ ।

(मज्झिमनिकाय : महासीहनाद-सुत्तन्त, अस्सी वर्षको अवस्थामा भगवान्‌ले आफ्‌नो शिष्य सारिपुत्रलाई आफ्‌नो तपस्याको यो विवरण सुनाउनु भएको)

अनि मलाई यस्तो लाग्यो- किन म दाँतमाथि दाँत बाँधी तालुमा जिब्रो पुऱ्याई चित्तले चित्तलाई निग्रह गरी पेली सन्तप्त नगरूँ ? अनि मैले दाँत बाँधी तालुमा जिब्रो पुऱ्याई चित्तले चित्तलाई निग्रह गर्दै पेल्दै सन्ताप गर्न थालेँ । त्यसरी बस्दा मेरा दुबै काखीबाट पसिना निस्कन्थ्यो । जस्तै कुनै बलवान् पुरूषले निर्बल पुरूषलाई टाउकामा वा काँधमा समाती थिच्छ, पेल्छ र सन्तप्त पार्छ त्यस्तै गरी हुन्थ्यो । त्यस बखत मेरो वीर्य बलियो नै थियो र अल्छी हुँदैनथ्यो । स्मृति थातमै थियो परन्तु यो शरीरमा पीडा हुन्थ्यो र अशान्ति सोही दुष्करचर्याको कटुताको कारणले गर्दा ।

अनि मलाई यस्तो लाग्यो- किन म अप्राणक (श्वास रोक्ने, कुम्भक) ध्यान मात्र नगरूँ ?

अनि मैले मुखबाट पनि नाकबाट पनि श्वासप्रश्वास थुनेँ । मैले मुखबाट र नाकबाट श्वासप्रश्वास थुन्दा कर्णधारबाट निस्केको आवाज बढी हुन्थ्यो । जस्तै कालिगडले बाँसको ढुङ्ग्रो फुक्दा आवाज आउँछ, त्यसै गरी नाक र मुखबाट श्वासप्रश्वास थुन्दा कर्णधारबाट निस्केको आवाज धेरै आउँथ्यो । अनि मैले मुख, नाक र कानबाट श्वासप्रश्वास थुनेँ । अनि वायु मेरो शिरमा थुप्रन्थ्यो र हान्थ्यो । मलाई शरीरमा अधिकतम डाह हुन्थ्यो अनि अशान्ति दुष्कर चर्याको कटुताको कारणले गर्दा मलाई देवताहरूले यसो भने- "श्रमण गौतमको मृत्यु भयो ।" कुनै देवताहरूले भन्थे,- "श्रमण गौतम मरेको छैन, तर मर्न लागेको हो ।" कुनै देवताले यसो भने- "श्रमण गौतम न मरे, न मर्दै छन् । श्रमण गौतम अरहन्त हुन् । अरहन्तहरूको बस्ने स्वभाव यस्तै हुन्छ ।"*(बोधिराजकुमारसुत्त, महासच्चकसत्त)*

ooo

मलाई यस्तो लाग्यो- किन म सबै आहारहरू नत्यागूँ ?

अनि मकहाँ आर्य देवताहरू आएर यसो भने- "मारिष, सबै आहारहरू त्याग्ने मार्गतिर तपाई नलाग्नुहोस् । यदि सबै आहारहरू त्याग्ने मार्गमा तपाई लाग्नु हुन्छ भने हामी रोमकूपबाट दिव्यओज हालिदिने छौं । त्यसले तपाईको यापन हुनेछ ।"

अनि मलाई लाग्यो, यदि म कुनै आहार ग्रहण गर्दिन भनूँ भने यी देवताहरूले मेरो रोमकूपबाट दिव्यओज हालिदिने छन् । त्यसबाट मेरो यापन हुनेछ । यो मेरा निमित्त झूटो हुनेछ । अनि मैले ती देवताहरूलाई "भइहाल्यो, यसो नगर" भनीं भनैं ।

अनि मैले केराउ एक अँजुली मुगीको रस, गहजातिको रस (कुलत्थयूस), केराउ कोसाको रस अथवा मटरको रस गरी अलि अलि आहार ग्रहण गर्न थालें । यसो गर्दा मेरो शरीर अन्तिम सिमाना पार गरी अत्यन्त दुब्लो भयो । जस्तै अस्सी वर्षको बुढाको शरीर अथवा कालकलताको गाँठाहरू हुन्छन् त्यस्तै मेरो शरीरका अङगप्रत्यङ्ग दुब्ला पातला भए । ऊँटको पैताला जस्तै मेरो आनिसद (मलद्वार) गहिरो थियो । डोरीले बाटिएको जस्तै मेरो पिठ्युँका हाडहरू अग्ला र होचा भएका थिए । कुनै अति जीर्ण घरमा दलिनहरू हल्लन्छन्, त्यस्तै मेरा करङ्गहरू हल्लन्थे । गहिरो कुवामा ताराहरूको छाया निकै गहिरो देखिएजस्तै मेरा आँखाका ताराहरू गहिरा देखिन्थे । हरियो तित्तकलाबु (लौकाविशेष) काटी घाम र बतासमा राख्दा चाउरिएजस्तै मेरा टाउकाको छाला चाउरिएको थियो

पेटमा हात राखुँ त पिठ्यूँका करङ्गहरू समाउन पुग्थैं र पिठमा सुम्सुम्याउन थालुँ त पेटको छाला समाउन पुग्थैं । मेरो पेटको छाला पिठ्यूँको हाडमा जोडिएको हुन्थ्यो । दिसापिसाब गर्न जान्थैं त त्यहीं बेहोस भई लड्थैं । यही शरीरलाई आश्वासन दिंदै हातले शरीर सुम्सुम्याउँदा कुहिसकेका रौं झर्थे । मान्छेहरू मलाई देखेर भन्थे "श्रमण गौतम कालो छ ।' कुनै मान्छे भन्थे 'श्रमण गौतम कालो होइन, श्याम हो ।' कोही भन्थे 'श्रमण गौतम न कालो हो न त श्याम नै, न हरियो नै हो । यो त मंगुर जातको माछाको वर्ण (कालो पनि हरियो पनि नभएको) हो ।' मेरो स्वच्छ, गोरो र परिशुद्ध उज्यालो छवि सर्वथा नष्ट भएको थियो ।" *(मज्झिनिकाय महासच्चक-सत्त, बोधिराजकुमार-सुत्त)*

ooo

"तब मैले सोचें, अतीत कालमा जो कोही श्रमण-ब्राम्हणले घोर दुःख र तीव्र वेदनाहरू झेलेका होलान् ? तिनीहरू यस हदसम्म गएका होलान्, यसबाट अधिक होइनन् । तर यस दुष्कर तपस्याबाट मैले परम तत्व पाउन सकिनँ, अलमार्य ज्ञानदर्शन मलाई प्राप्त भएन । मैले सोचैं- यो कटु दुष्करचर्याद्वारा उत्तरीय मनुष्यधर्म र आर्यज्ञान विशेषतालाई प्राप्त गर्न सकिने छैन । सम्बोधिका लागि अर्को बाटो छैन के ?

मलाई सम्झना भयो- मैले बुबा शुद्धोदन शाक्य हलो जोतिरहँदा म जामुनको शीतल छायामा बसी काम विषयमा निवृत्त भई, अकुशल-धर्मबाट चित्तलाई हटाएर वितर्क विचार एकान्तवास (ध्यान) बाट उत्पन्न प्रीतिसुख भएको प्रथम ध्यान प्राप्त गरेको थिएँ, त्यही मार्ग शायद बोधिको हो कि ? अनि ज्ञान भयो, यही बोधिमार्ग हो । परन्तु यस प्रकार अत्यन्त कालो र दुर्बल शरीरले त्यो प्राप्त गर्न सकिन्नथ्यो । यसका लागि म किन स्थूल आहार दालभात नखाऊँ ?

मैले दालभात खान थालैँ । त्यो बेला मेरा साथमा पाँच भिक्षु यो आशा गरेर बसेका थिए कि श्रमण गौतमले जुन धर्म प्राप्त गर्छन्, त्यो तिनीहरूलाई पनि बताउने छ । परन्तु जब मैले दालभात खान थालें, तब तिनीहरूले सोचे, श्रमण गोतम सङ्ग्रही हुनथाल्यो, तपस्याबाट विमुख भयो । उदासीन भई उनीहरू मलाई छाडेर अन्तै गए ।

०००

अनि म किंकुशल गवेशी भई अनुत्तर शान्ति पदको खोजीको निमित्त मगध देशमा चारिका गर्दै क्रमशः उरूवेलाको सेनानी गाउँ गएँ । त्यहाँ मैले एक रमणीय भूमि देखें जहाँ रमाइलो वनखण्ड थियो । त्यहाँ निर्मल पानी बगिरहेको गहिरो नदी नैरञ्जना र रमणीय गोचर गाउँहरू थिए । अनि मलाई यस्तो लाग्यो, यो भूमिभाग रमणीय छ, निर्मल पानी बगिरहेको गहिरो नदी पनि छ र चारैतिर रमणीय गोचर गाउँहरू पनि छन् । कुनै तपस्या गर्न चाहने कुलपुत्रलाई तपस्या गर्नको निमित्त यो स्थान उपयुक्त छ । अनि त्यहीँ बसें । भागमा, वनखण्डमा, एउटा नदी बगिरहेको थियो, जसको घाट अत्यन्त सुन्दर र श्वेत देखेँ । चारैतिर गाउँ थियो । मैले सोचें- मुक्तिको लागि प्रयत्न गर्ने कुल पुत्रहरूका लागि यो भूमि ध्यान गर्न लायकको रहेछ । यो ध्यानयोग्य स्थान हो । म त्यहाँ ध्यान गर्नका लागि बसैँ ।"
(बोधिराजकुमार सुत्र, अरियपरियेसन-सुत्तन्त)

०००

स्थूल भोजनबाट मेरो शरीरमा शक्ति फर्कियो । मैले प्रथम ध्यानको सुख प्राप्त गरी यताउता जान सक्ने भएँ । क्रमशः ध्यानको द्वितीय, तृतीय र चतुर्थ अवस्था प्राप्त गरैँ । यसरी समाहित चित्त, परिशुद्ध, निर्मल, क्लेशरहित भई मृदु भएपछि तथा कर्मण्य भई निश्चल भएपछि पूर्वेनिवासानुस्मृतिज्ञानतिर चित्त झुकाएँ । अनि अनेक प्रकारका पूर्वजन्मका कुराहरू अनुस्मरण गरैँ । जस्तै एक जन्म, दुई जन्म... । साकार उद्देश्यसहित अनेक प्रकारका पूर्वजन्मका कुराहरू अनुस्मरण गरें ।

अनि अप्रमत भई क्लेश सन्तप्त गरिरहँदा रातको प्रथम याममा यो प्रथम विद्या प्राप्त गरें जसबाट अविद्या नष्ट भयो, विद्या उत्पन्न भयो तमः (अन्धकार) नष्ट भई आलोक उत्पन्न भयो ।

यसरी समाहित चित्त भएपछि परिशुद्ध भएपछि ... कर्मण्य भई निश्चल भएपछि सत्वहरू (प्राणीहरू) च्युत र उत्पन्न हुने ज्ञानतिर चित्त झुकाएँ । अनि मनुष्य चक्षुभन्दा टाढा पुग्नसक्ने विशुद्ध दिव्य चक्षुद्वारा च्युत र उत्पन्न भएको तथा आआफ्नो कर्म अनुसार हीनप्रणीत, सुवर्ण दुर्वर्ण, सुगति दुर्गतिमा गइरहेका प्राणीहरू देख्छु र जान्छु । अनि अप्रमत्त भई क्लेश सन्तप्त गरिरहँदा रातको दोस्रो याममा यो दोस्रो विद्या प्राप्त गरें । जसबाट अविद्या नष्ट भयो, विद्या उत्पन्न भयो र अन्धकार नष्ट भई आलोक उत्पन्न भयो ।


यसरी समाहित चित्त भएपछि, परिशुद्ध भएपछि ... कर्मण्य भई निश्चल भएपछि आस्रवक्षय ज्ञानमा चित्त लगाएँ । अनि यो दुःख हो, भनी यथार्थतः बुझें । 'यो दुःख समुदय हो', भनी यथार्थतः बुझेँ । 'यो दुःख-निरोध हो' भनी यथार्थतः बुझें । र यो 'दुःख निरोधको मार्ग' हो भनी यथार्थतः बुझें । यी आस्रवहरू हुन् भनी यथार्थतः बुझेँ । यी आस्रवसमुदय हुन् भनी यथार्थतः बुझें । यो आस्रवनिरोध हो भनी यथार्थतः बुझें र यो आस्रव निरोध हुने मार्ग हो भनी यथार्थ बुझेँ । यसरी बुझिसकेपछि, देखिसकेपछि कामास्रवबाट भवास्रवबाट अविद्यास्रवबाट पनि मेरो चित्त विमुक्त भयो । विमुक्त भएपछि 'विमुक्त' भएँ भन्ने ज्ञान भयो । जन्म क्षीण भयो, ब्रम्हचर्यवास पूरा भयो, गर्नुपर्ने काम गरिसकें र अब उप्रान्त यहाँ आउनुपर्ने कारण छैन भन्ने पनि बुझें । अनि अप्रमत्त भई क्लेश सन्तप्त गरिरहँदा रातको तेस्रो याममा यो तेस्रो विद्या प्राप्त गरें । यसबाट अविद्या नष्ट भयो, विद्या उत्पन्न भयो र अन्धकार नष्ट भई आलोक उत्पन्न भयो ।

(त्यसपछि उदान)

अनेक जाति संसारं- सन्धाविस्सं अनिब्बिसं ।
गहकारकं गवेसन्तो- दुक्खा जाति पुनप्पुनं ॥८॥

गहकारक दिट्ठोसि- पुन गेहं न काहसि
सब्बा ते फासुका - भग्गा गहकूटं विसङ्खितं
विसङ्खारगतं चित्तं- तण्हानं खयमज्झगा ॥९॥ (धम्मपद, वृद्धवर्ग)

"अनेक जन्महरूसम्म निरन्तर यस संसारमा दौडिरहेँ । गृहकारकलाई खोज्दै खोज्दै फेरिफेरि दुःखमय जन्महरूमा परिरहें । हे गृहकारक ! अब मैले तिमीलाई देखिसकेँ । अब तिमी फेरि घर बनाउन सक्दैनौ । तिम्रा सबै कडीहरू भग्न भइसक्यो । गृहको शिखर पनि निर्बल भयो । संस्कारहित चित्तबाट तृष्णा क्षय भइसक्यो ।"



ब्रम्हासँग सम्वाद

अनि मलाई यस्तो लाग्यो- धर्मलाई मैले अवबोध गरेँ जो गम्भीर, देख्न गाऱ्हो, बोध गर्न गाऱ्हो, शान्त, प्रणीत, तर्कद्वारा मात्र अप्राप्य, अपुण, तथा पण्डितहरूद्वारा प्रमुदित छन् । आलयमा आनन्दित हुने, आलयमा रत हुने र आलयमै प्रमुदित हुने प्रज्ञाहरू, यस प्रत्ययद्वारा यो हुन्छ यस प्रत्ययको कारणबाट नै 'प्रतीत्यसमुत्पाद' हुन्छ भन्ने, यसैबाट कारणलाई देख्न सक्ने छैनन् । कारण देख्नु पनि गाऱ्हो छ । जस्तै सबै संस्कारको क्षय, सबै बन्धनहरूको उत्सर्ग, तृष्णाक्षय, विराग, निरोध तथा निर्वाण । यदि मैले धर्मदेशना गर्दा र अरूहरूले त्यो धर्मलाई बुझ्न सकेनन् भने, त्यो मेरो निमित्त ग्लानि अथवा थकावट हुनेछ । त्यस बेला मेरा मनमा यस्तो आश्चर्यजनक गाथा आयो, जो मैले अघि सुनेको थिइन ।

दुष्करतापूर्वक प्राप्त गरको यो धर्मलाई किन म प्रकाश गरूँ, भइहाल्यो, राग द्वेषमा मुछिएर बस्नेहरूको यो धर्मलाई बुझ्न सजिलो छैन ।

प्रतिश्रोतमा गएको निपुण, गम्भीर, देख्न नसकिने अणुसमान यो धर्मलाई रागरक्त भई तमस्कन्धद्वारा आवृत्त भएकाहरूले देख्न सक्ने छैनन् ।

यस्तो विचार गरिरहँदा मेरो मन अल्पोत्सुतातिर ढल्किन्थ्यो र धर्मदेशनातिर होइन ।

अनि सहम्पति ब्रम्हाले मेरो चित्तमा भइरहेको सोचाइलाई जानेपछि उनलाई यस्तो लाग्यो- यो लोक नष्ट हुनेछ र यो लोकको नष्ट हुनेछ । जहाँ तथागत अरहत् सम्यक्सम्बुद्धको मन धर्मदेशनामा नलागेर अल्पोत्सकतातिर लागेको छ । जस्तै कुनै बलवान् पुरूषले खुम्चिएको हातलाई पसार्छ र पसारेको हातलाई

खुम्च्याउँछ, त्यस्तै गरी ब्रम्हलोकमा अन्तर्धान भई मेरा सामु सहम्पत्ति ब्रम्हा प्रकट भए । अनि उत्तरासङ्गलाई एकांश पारी दाहिने घुँडाले पृथ्वीमा टेकी हात जोडी नमस्कार गरी सहम्पति ब्रम्हाले मसँग यस्तो बिन्ती गरे- "भन्ते, धर्मदेशना गर्नुहोस् । सुगत, धर्म देशना गर्नुहोस् । अल्पमल हुने सत्वहरू पनि छन् । धर्म सुन्न नपाउँदा उनीहरूको पारिहानि हुन सक्छ । धर्मलाई बुझ्न सक्ने पनि हुन सक्छन् ।"

सहम्पति ब्रम्हाले फेरि यसो भने-

१) अगि मलिन चित्त हुनेहरूले चिन्तन गरेको अशुद्ध धर्म मगध देशमा थियो । अमृतद्वार खोलिदिने पुरूषले अवबोध गरेको धर्मलाई अब यस संसारका प्राणीहरूले सुनून् ।

२) शैलमय पर्वतको टुप्पामा बसी चारैतिर सबै जनतालाई हेर्ने झैं समन्त चक्षु हुनु भएका र शोकरहित हुनु भएका तपाईं सुमेधले पनि शोकग्रस्त तथा जातिजराले अभिभूत भएका प्राणीहरूलाई मुक्त गर्न धर्ममय प्रासादमा आरोहण गरी जनतातिर हेर्नुहोस् ।

३) हे सङ्ग्रामजित, हे वीर पुरूष, हे अऋणी सार्थवाह, उठ्नुहोस्, विचरण गर्नुहोस् । भगवान्, धर्मदेशना गर्नुहोस् । धर्म बुझ्न सक्ने प्राणीहरू पनि हुन सक्छन् ।

अनि ब्रम्हाको अभिप्राय बुझी प्राणीहरूप्रति करूणाको कारणले बुद्धचक्षुद्वारा मैले लोकमा हेरें । बुद्धचक्षुद्वारा लोकमा हेर्दा मैले अल्परज हुने, महारज हुने, तीक्ष्ण इन्द्रिय हुने, मृदु इन्द्रिय हुने, सुआकार हुने दुराचार हुने, सुविद्येय हुने, दुविज्ञेय हुने, केही परलोकवद्य भयदर्शी भई बस्ने र केही परलोकवद्य भयदर्शी भई नबस्ने प्राणीहरू देखें । अनि मैले सहम्पति ब्रम्हालाई गाथाद्वारा यसो भनें-

हे ब्रम्हे, प्रगुण भए पनि कष्ट हुन्छ भन्ने विचारले जनतालाई प्रणीत धर्मदेशना नगर्ने विचार भएको थियो । परन्तु अब सुन्न चाहनेले आफ्नो श्रद्धालाई अधि बढाई सुन । उनीहरूका निमित्त अमृतद्वार खोलियो ।

अनि 'भगवान्‌बाट धर्मदेशना गर्ने वचन पाएँ भनी' मलाई अभिवादन र प्रदक्षिणा गरी सहम्पति ब्रम्हा उहीं अन्तर्धान भए ।

०००

कसलाई उपदेश सुनाउँ ?

मलाई यस्तो लाग्यो- कसलाई सर्वप्रथम म धर्मोपदेश गरूँ ? कसले यो धर्मलाई चाँडै बुझ्न सक्ला ? अनि मलाई यस्तो लाग्यो- 'यी आलार कालाम पण्डित व्यक्त र मेधावी छन् । धेरै दिनदेखि यिनी अल्परज स्वभावका हुन् । अतः किन म आलार कालामलाई प्रथम धर्मदेशना नगरूँ ? उनले यस धर्मलाई चाँडै बुझ्ने छन् ।'

अनि मकहाँ एक देवता आई यसो भने- "भन्ते आलार कालामको मृत्यु भएको एक साता भइसक्यो ।" अनि आलारकालामको मृत्यु भएको एक साता भइसक्यो भन्ने ज्ञान मलाई पनि भयो । मलाई यस्तो लाग्यो- आलारकालामको ठूलो क्षति भयो । यदि उनले यो धर्म सुन्न पाएका भए चाँडै उनले बुझ्ने थिए होलान् ।

अनि मलाई यस्तो लाग्यो- म कसलाई प्रथम धर्मोपदेश गरूँ ? कसले यस धर्मलाई चाँडै बुझ्न सक्ला ? अनि मलाई यस्तो लाग्यो- यी उद्दक रामपुत्र पिण्डत व्यक्त र मेधावी छन् । धेरै दिनदेखि यिनी अल्परज स्वभावका हुन् । अतः किन म उद्दक रामपुत्रलाई प्रथम धर्मदेशना नगरूँ ? उनले यो धर्मलाई चाँडै बुझ्नेछन् । अनि मकहाँ एक देवता आई यसो भने- "भन्ते, उद्दक रामपुत्रको मृत्यु हिजो राति भयो ।" अनि 'उद्दक रापमपुत्रको मृत्यु हिजो राति भयो भन्ने ज्ञान मलाई पनि भयो । अनि मलाई यस्तो लाग्यो- उद्दक रामपुत्रको ठूलो क्षति भयो । यदि उनले यो धर्म सुन्न पाएका भए उनले चाँडै नै बुझ्ने थिए होलान् ।'

अनि मलाई यस्तो लाग्यो- 'यी पञ्चवर्गीय भिक्षुहरू मेरा बहुपकारी हुन्, जसले तपस्या गरिरहेका बेला मेरो उपस्थान (सेवा) गरेका थिए । अतः किन म पञ्चवर्गीय भिक्षुहरूलाई प्रथम धर्मोपदेश नगरूँ ? पञ्चवर्गीय भिक्षुहरू अहिले कहाँ बसेका छन् ? मैले अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा पञ्चवर्गीय भिक्षुहरू वाराणसीस्थित ऋषिपतन, मृगदायमा बसेका छन भन्ने कुरा सुनैं । अनि उरूवेलामा इच्छानुसार विहार गरी जहाँ वाराणसी थियो, त्यहाँ गएँ ।

धर्मचक्र प्रवर्त्तन गर्न काशी जाँदैछु

मलाई उपक आजीवकले गया र बोधिको बीच बाटोमा गइरहेको देखे । मलाई देखेर उसले यसो भने- "आबुसो, तिम्रा इन्द्रियहरू अति परिशुद्ध छन्, तिम्रो छविवर्ण अति चम्किलो छ । आबुसो, कसको उद्देश्य लिएर तिमी प्रव्रजित भएका हौ ? तिम्रा गुरू को हुन् ? कसको धर्म तिमी रूचाउछौं ?' यस्तो सोध्दा मैले उपक आजीवकलाई गाथाद्वारा यसो भने-

(१) सबै त्रैभूमिक धर्महरूलाई जितेर, सबै चातुर्भौमिक धर्महरूलाई जानेर, सबै त्रैभुमिक धर्ममा अलिप्त भई, सबै त्रैभूमिक धर्महरूलाई त्यागी, तृष्णा क्षय गरी विमुक्त भई सबै चातुर्भौमिक धर्महरूलाई स्वयं जानी कसलाई यी मेरा आचार्य हुन् भनी उद्देश्य गरूँ ?

(२) मेरो आचार्य छैन, न त मजस्ता अरू कोही छन् । देवसहित लोकमा मजस्ता अरू कोही पुरूष छैनन् ।

(३) म नै यस लोकमा अरहन्त हुँ, म नै अनुपम शास्ता हुँ, क्लेशरूपी आगोलाई निवृत्त गरी शीलत भएको सम्यक् सम्बुद्ध म नै एक्लो हुँ ।

(४) धर्मचक्र प्रवर्तन गर्नका निमित्त काशी देशमा जाँदैछु । अन्धकारमय यस लोकमा अमृतभेरी बजाउने छु ।

"आबुसो, जस्तो तिमी भन्छौ, त्यो सुन्दा त तिमी 'अनन्त जिन' नै हुन सक्छौ ।"


"मजस्ता नै 'अनन्न जिन' हुन सक्छन् जसले आस्रव (चित्तमल) क्षय गरी निर्वाण प्राप्त गरिसकेको छ । मैले पाप धर्महरूलाई जितिसकेको छु । हे उपक, त्यसैले म जिन हुँ ।"

यसो भन्दाखेरि 'हुन सक्छ' भन्दै टाउको हल्लाउँदै उपक आजीवक छेउको बाटो लागेर हिंडे ।



सारनाथमा

क्रमशः यात्रा गर्दै म वाराणसीस्थित ऋषिपतन मृगदावमा पुगें । जहाँ पंचवर्गीय भिक्षु थिए । पंचवर्गीय भिक्षुहरूले सोचे- साधनाभ्रष्ट श्रमण गौतम आइरहेको छ । हामी उसलाई अभिवादन गर्दैनौं, यसको पात्र-चीवर अगाडि बढेर लिदैनौं । जतिजति म पंचवर्गीय भिक्षुहरूको नजिकनजिक जाँदै गरें, उनीहरू आफ्नो प्रतिज्ञामा स्थिर भएर बस्न सकेनन् । एकले आसन बिछ्याए, दोस्रोले खुट्टा धुने पानीको व्यवस्था गरिदियो, तेस्रोले खुट्टा राख्ने पीरा नजिक ल्याएर राखिदियो । म बिछ्याइएको आसनमा बसें र खुट्टा धोएँ । त्यस बखत तिनीहरूले मलाई नाम लिंएर 'आवुसो' भन्दै कुरा गरे । अनि मैले पंचवर्गीय भिक्षुहरूसँग भनें- "भिक्षुहरू, तथागतलाई नाम लिएर 'आवुसो' भनेर कुरा नगर । भिक्षु हो, तथागत, अरहत्



सम्यक् सम्बुद्ध हुन् । कान थाप । मैले अमृत पाइसकेको छु म अनुशासन गर्ने छु । म धर्मदेशना गर्नेछु । सुनेअनुसार आचरण गरेमा चिरकाल नबित्दै जसका निमित्त कुलपुत्रहरू सम्यक्रूपले घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छन्, त्यो अनुत्तर ब्रम्हचर्यवास अवसान गरी यसै जीवनमा स्वयं अभिज्ञानद्वारा साक्षात्कार गरी बस्न सक्नेछौ ।"

यसो भन्दाखेरि पञ्चवर्गीय भिक्षुहरूले मलाई यसरी प्रतिक्रिया दिए- "आबुसो गौतम, त्यस चर्याद्वारा पनि, त्यस प्रतिपदाद्वारा पनि, त्यस दुष्करचर्याद्वारा पनि तपाईंले उत्तरीय मनुष्य धर्म तथा आर्यज्ञान दर्शनको विशेषता जान्न सक्ने ज्ञान प्राप्त गर्न सक्नु भएन भने अहिले अब बाहुलिक भई तपश्चर्याबाट भ्रष्ट भई बाहुल्यतामा आवर्तित भई अहिले के तपाईंले उत्तरीय मनुष्यधर्म तथा आर्यज्ञान दर्शनको विशेषता जान्न सक्ने ज्ञान प्राप्त गर्न सक्नु होला ?"

मैले पञ्चवर्गीय भिक्षुहरूलाई यसो भनें- "तथागत बाहुलिक होइनन्, न त तपश्चर्याबाट भ्रष्ट भएका हुन्, न त बाहुल्यतामा आवर्तित छन् । भिक्षु हो, तथागत, सम्यक्सम्बुद्ध हुन् । भिक्षु हो, कान थाप । मैले अमृत पाइसकेको छु । म अनुशासन गर्ने छु । म धर्मदेशना गर्ने छु । सुनेअनुसार आचरण गरेमा चिरकाल नबित्दै जसका निमित्त कुलपुत्रहरू सम्येक रूपले घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छन्, त्यो अनुत्तर ब्रम्हचर्यवास अवसान गरी यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बस्न सक्नेछौ ।"

(पञ्चवर्गीय भिक्षुहरूद्वरा तेस्रो पटक पनि अविश्वास गरेपछि)

यसो भन्दाखेरि मैले पञ्चवर्गीय भिक्षुहरूलाई यसो भनें- "भिक्षु हो, यसभन्दा अघि मैले तिमीहरूलाई यस्तो कुरा भनेको थाहा छ के ?"

"भन्ते, थाहा छैन ।"


अनि मैले पञ्चवर्गीय भिक्षुहरूलाई सम्झाउन सकें । अनि मैले दुई जना भिक्षुहरूलाइ उपदेश गरेँ । तीन भिक्षु भिक्षाचार गरी जे कुरा ल्याउँथे हामी छ जना निर्वाह गर्थ्यौं । जब तीन भिक्षुलाई म उपदेश गर्थे, तब दुई भिक्षु भिक्षाका लागि

बाहिर जान्थे र त्यो हामी छ जनाले यापन गर्थ्यौं । यसरी मैले उपदेश गरेको र अनुसाशन गरेको सुनेर पञ्चवर्गीय भिक्षुहरूले चाँडै नै जसका निमित्त कुलपुत्रहरू सम्यकरूपले घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छन्, त्यो अनुपम ब्रम्हचर्यवास अवसान गरी यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बसे ।" *(बोधिराजकुमार सुत्त, अरियपरियेसन-सत्त : मज्झिमनिकाय)*

"मैले यी कुराहरू कुनै श्रमण वा ब्राम्हणबाट सुनेर भनिरहेको छैन, बरू मैले जुन स्वयं देखेँ, स्वयं जानेँ, स्वयं अनुभव गरेँ, त्यसैलाई भनिरहेको हुँ ।"

०००





सारिपुत्र



मौद्गल्यायन

सारिपुत्र र मौद्गल्यायन

दुई भिक्षु कोलित (मोग्गल्लान) र उपतिष्य (सारिपुत्र) मेरा प्रधान शिष्य हो। आनन्द मेरो सेवक-शिष्य हो, जो सधैँ मसँगै रहन्छन्। क्षेमा र उत्पवर्णा मेरी भिक्षुणी-शिष्याहरूमा प्रधान हुन्। चित्र र हस्तावलक मेरा प्रधान गृहस्थ-शिष्य (उपासक) हुन्। नन्दमाता र उत्तरा मेरी दुई प्रधान गृहस्थ-शिष्याहरू (उपासिकाहरू) हुन्।" *(बुद्धवंस)*

श्रवण ! (तिमी) के कुरा बताउने हो ?

भिक्षुहरू, आज म पूर्वाह्न चीवर लगाई पात्र चीवर धारण गरी कपिलवस्तुमा भिक्षाका निम्ति भित्र पसेँ । कपिलवस्तुमा भिक्षाटन गरी भोजनपछि भोजनको काम सकाई जहाँ महावन छ, त्यहाँ दिउँसोको विहारका निम्ति गएँ । महावनभित्र पसेर वेलुबलट्टिका (वेणुयष्टिका, बाँस) मुनि बसिराखेँ । दण्डपाणि शाक्य पनि घुम्दै फिर्दै त्यहाँ आइपुगे । महावनमा जहाँ वेलवलट्टिका छ, जहाँ म बसिराखेको थिएँ त्यहाँ आइपुगे । त्यहाँ आई मसँग सम्बोधन गरी लौरामा टेकेर एक छेउ उभिए । एक छेउ उभिएका दण्डपाणि शाक्यले मसँग यसरी सोधे- "श्रवण ! (तिमी) कुन वाद मान्ने हो, के कुरा बताउने हो ?'

यसरी सोधेपछि दण्डपाणि शाक्यलाई यसरी बताएँ- "आबुसो ! जुन वाद मानेपछि, यस लोकमा देव, मार, ब्रम्ह, श्रवण, ब्राम्हणसहित प्रजाहरूमा, देवसहित मुनष्य लोकमा, कोहीसँग पनि बिग्रहनगरी बसिराख्छु, कामविषयले रहित भई बसेका त्यस ब्राम्हण अकथंकथी छिन्न कुक्कुच्च भव अभवमा तृष्णा क्षय भइसकेकालाई संज्ञा पछि पछि आउन सक्दैन । आबुसो ! म त्यस्तो वाद मान्ने हुँ, त्यस्तो कुरा बताउने हो ।

यसरी कुरा बताएपछि दण्डपाणि शाक्यले टाउको हल्लाई, जिब्रो हल्लाई, निधार खुम्च्याई लौरो घुमाउँदै हिंडे ।



अन्तिम दिनहरू

"जाउँ आनन्द, जहाँ अम्बलट्ठिका छ, त्यहाँ जाऔं ।"

"जाउँ आनन्द, जहाँ पाटलिग्राम छ, त्यहाँ जाऔं ।"

"आउ आनन्द, जहाँ कोटिग्राम छ, त्यहाँ जाऔं ।"

"आउ आनन्द, जहाँ नादिका छ, त्यहाँ जाऔं ।"

भिक्षुहरू, तिमीहरू बैशालीको चारैतिर वर्षावास गर । म यहीं वेलुव गाउँमा वास गर्छु ।"

म वृद्ध, वयः प्राप्त हुँ । अस्सी वर्षको उमेरमा पुगैं । जसरी पुरानो गाडी जसरीतसरी चल्छ यसरी नै तथागतको शरीर चलिरहेको छ । यसकारण आनन्द, तिमी आत्मशरण, आत्मदीप भई जिउनू ।

आनन्द, आसन उठाउ । जहाँ चापाल चैत्य छ, त्यहाँ दिउँसोको ध्यानको लागि जान्छौं ।

आउ आनन्द, जहाँ महावन-कूटागारशाला छ, त्यहाँ जाऔं ।

ooo

'जसले चार ऋद्धिपाद भावना गरिसकेको हुन्छ, वृद्धि गरिसकेको हुन्छ, त्यसलाई सही बाटामा लगाइसकेको हुन्छ, हृदय (वत्थु) ठीक रूपमा बसालिसकेको हुन्छ, स्थिर गरिसकेको हुन्छ, त्यसबाट पूर्णतः परिचित भइसकेको हुन्छ, सुमारब्ध भइसकेको हुन्छ भने यदि उसले चाहेमा कल्पभर अथवा कल्पको अवशिष्ट

भागसम्म पनि बाँचिरहन सक्छ । तथागतले यी चारैवटा ऋद्धिपाद भावना गरिसकेको छ, वृद्धि गरिसकेको छ, त्यसलाई सही बाटामा लगाइसकेको छ, हृदयमा ठीक रूपमा बसाली सकेको छ, स्थिर गरिसकेको छ, त्यसबाट पूर्णतः परिचित भइसकेको छ, सुमारब्ध भइसकेको छ । यदि तथागतले इच्छा गरेको खण्डमा कल्पभर वा त्यसको बाँकी भागसम्म पनि बाँचिरहन सक्छ ।"

ooo

हतार नगर चाँडै नै तथागतको परिनिर्वाण हुनेछ । आजको तीन महिनापछि तथागतको परिनिर्वाण हुनेछ ।" *(मारसँग बुद्धको सम्वाद)*

ooo

"आनन्द ! के मैले तिमीलाई पहिले नै भनेको थिइन- 'सबै प्रिय तथा मन परेकासित छुट्नु पर्छ, छोड्नु पर्छ, अन्यथाभाव हुनुपर्छ, सो ती कुरा सधैं निरन्तर कसरी सँगै बस्न पाउला ? जति पनि उत्पन्न भए, भूत छन्, संस्कृत छन्, ती सबै नाशवान् हुन् । हाय ! ती नाश नहोस् ! यस्तो सम्भव छैन । आनन्द ! जुन यो तथागतले जीवन संस्कार (आयुसंस्कार) छाड्नु भयो, त्याग्नु भयो, प्रहीन गर्नुभयो, प्रतिनिःसृष्ट गर्नुभयो, तथागतले वास्तविक सत्य कुरा भन्नु भएको थियो- चाडै नै तथागतको परिनिर्वाण हुनेछ । आजको तीन महिनापछि तथागत परिनिर्वाण हुनेछ । जीवित रहनाको कारण पुनः फर्केर आउनु तथागतको निमित्त सम्भव छैन ।"

ooo

"भिक्षु हो ! मैले तिमीहरूलाई जेजति धर्म अभिज्ञाद्वारा देशना गरेको हुँ त्यसलाई तिमीहरूले राम्ररी सिकेर, त्यसको अभ्यास गर, त्यसको भावना बहुजन हितको निमित्त, बहुजन सुखको निमित्त, लोकलाई अनुकम्पाको निमित्त, देवमनुष्यहरूको अर्थ, हित, सुखको निमित्त होस् । भिक्षु हो ! मैले तिमीहरूलाई कुनचाहिं धर्म अभिज्ञाद्वारा देशना गरको हुँ, जसलाई तिमीहरूले राम्ररी सिकेमा, त्यसको अभ्यास गरेमा, त्यसको भावना गरेमा, त्यसलाई वृद्धि गरेमा यो ब्रम्हचर्य बुद्धशासन अध्वनीय, चिरस्थायी हुने र यो ब्रम्हचर्य बहुजन हितको निमित्त देवमनुष्यहरूको

अर्थ, हित, सुखको निमित्त हुन्छ । जस्तो कि

(१) चार स्मृतिप्रस्थान,

(२) चार सम्यक् प्रधान,

(३) चार ऋद्धिपाद

(४) पाँच इन्द्रिय,

(५) पाँच पल

(६) सात बोध्यङ्ग

(७) आर्यअष्टाङ्गिक मार्ग ।

भिक्षु हो ! यही अभिज्ञाद्वारा देशना गरेको धर्म हो जसलाई तिमीहरूले राम्ररी सिकेमा, त्यसको अभ्यास गरेमा, भावना गरेमा, यो ब्रम्हचर्य (बुद्धशासन) अध्वनीय, चिरस्थायी हुनाको साथै यो ब्रम्हचर्य बहुजन हितको निमित्त देवमनुष्यहरूको अर्थ, हित सुखको निमित्त पनि हुनेछ ।"



चुन्द कम्मारपुत्रले आफ्नो घरमा गरेको भोजनदान । थाई भित्तेचित्र

२९४.३
म२६६बु
दिल्ली रमण रेग्मी कल्याणी रेग्मी स्मारक पुस्तकालय
Dilli Raman Regmi Kalyani Regmi Memorial Library
1987
Kathmandu, Nepal
२६३८०

(त्यसपछि बुद्ध वैशालीमा गए । भोजन सकिएपछि नागवलोकन (हात्तीले जस्तै फर्केर अवलोकन गर्ने) गरी वैशालीलाई हेरेर)

"आनन्द, आजको यो तथागतको वैशाली दर्शन अन्तिम हुनेछ ।"

(त्यसपछि भिक्षुसङ्घसहित भण्डग्राम हुँद हस्तिग्राम, अम्बग्राम, गम्बुग्राम, भोगनगर हुँदै पावातिर लागे । पावामा बुद्ध चुन्द कम्मार पुत्रको आम्रवनमा बसे । भोजनका लागि चुन्द कम्मारपुत्रले बुद्धसहित भिक्षुसङ्घलाई आमन्त्रित गरियो)

"चुन्द, सूकरमद्दव तयार पारिएको छ, त्यो मलाई पस्क र जुन अरू खाद्य भोज्यहरू तयार पारिएका छन्, तिनीहरू भिक्षुसङ्घलाई पस्कनू ।'

"चुन्द, जुन सूकरमद्दव बाँकी छ, त्यसलाई खाल्टामा हालिदेओ । यो लोकमा देवसहित, मारसहित ब्रम्हसहित श्रमण ब्राम्हणसहित प्रजा, तथा देवसहित मनुष्यहरूमा तथागतले बाहेक अरू कोही देख्दिन जसले यो खाएर पचाउन सकोस् ।"

(भोजनपछि बुद्धलाई कडा रोग उत्पन्न भयो । रगत बहने मरणान्तिक ठूलो वेदना हुन थाल्यो । अनि भगवान्ले स्मृतिसम्प्रजन्यताद्वारा पीडित नभई सहे)

"आनन्द, म मरेर गएपछि कसैले पनि चुन्दलाई दोष नदिनू, तिमी अभागी हौ, तिमीले दिएको भोजन खाएर तथागतले शरीर त्याग गर्नु पर्‍यो । बरू कसैले यसरी दोष दिएको पाएमा यस्तो भन्नू- 'चुन्द तिमी सारै सौभाग्यशाली पो रहेछौ । तिमीले त गजबको पुण्य कमाएछौ, तिम्रो घरमा भोजन खाएर तथागतले निर्वाण प्राप्त गर्नुभयो । चुन्द, तिम्रो भोजन पनि त्यति नै श्रेष्ठ भयो जति सुजाताको खीर खाएर तथागतले बुद्धत्व प्राप्त गरे ।"

"आऊ आनन्द, जहाँ कुसिनारा छ, त्यहाँ जाऊँ ।"

(त्यसपछि बुद्ध भिक्षु सङ्घसहित चार कोश टाढाको कुशीनगर प्रस्थान)

०००

"भिक्षुहरू ! अचिर कालमा नै तथागतको परिनिर्वाण हुन्छ । आजबाट तीन महिनापछि तथागत परिनिर्वाण प्राप्त गर्छन् । मेरो आयु परिपक्व भइसक्यो, मेरो

जीवन थोरै मात्र छ । तिमीहरूलाई छाडेर जान्छु, । मैले आफूले गर्नु पर्ने काम गरिसकें । भिक्षुहरू, निरालस, सावधान, सुशील होऊ । सङ्कल्पलाई राम्रोसँग समाधान गरी आफ्नो चित्तको रक्षा गर ।"

"आनन्द, मेरो निम्ति चौपेती संघाटी बिछ्याइ देऊ । म थाकें, बस्छु ।"

"आनन्द, मेरो निम्ति पानी लिएर आऊ । प्यास लाग्यो, पानी पिउँछु ।"

ooo

"आनन्द, आज रातको पछिल्लो पहर कुसिनाराका उपवर्तन नामक मल्लहरूको शाल-वनमा जोडी शाल वृक्षको मुनि तथागतको परिनिर्वाण हुन्छ । आऊ आनन्द, जहाँ ककुत्था नदी छ, त्यतातिर जाऊँ ।"

"चौपेती संघाटी बिछ्याइ देऊ, सुत्छु ।"



"आउ आनन्द, जहाँ हिरण्यवती नदीको अर्को किनारा छ, त्यहाँ कुसिनाराका मल्लहरूको शालवन छ । त्यहाँ जाऊँ ।"

"आनन्द, जोडी शालहरूको बीच उत्तरमा सिरानी गरी चारपाई बिछ्याइदिनु । थाकेँ, सुत्छु ।"

"आनन्द, शायद तिमीलाई यस्तो लागिरहेको हुन सक्छ कि हाम्रा शास्ता जानु भयो, अब हाम्रा शास्ता रहनु भएन । यस्तो नसम्झनु । मैले जुन धर्म र विनय उपदेश गरेको छु, तिनीहरू नै मेरो पछि तिमीहरूका शास्ता हुन्छ ।"

" भिक्षुगण ! अब तिमीहरूलाई भन्छु- "संस्कार नाशवान् हो । अप्रपादबाट (लक्ष्य) सम्पादन गर ।" *(महापरिनिब्बणसुत्त : दीघनिकाय)*



गौतम बुद्धको अस्थिधातु द्रोण ब्राम्हणद्वारा विभाजन गरिरहेको गान्धारा मूर्ति

शब्दार्थ

अग्रश्रावक : प्रमुख श्रावक

अचेलक : नाङ्गा साधु

अधिस्थान : यसरी नै गर्नु भनी चित्तलाई स्थिर गरिराख्नु

अनित्य : बदल्ने, फरक हुने, क्षयहुने, परिवर्तन हुने

अपचनीयगामि : पुनर्जन्म हुनुपर्ने पटकलाई कम गर्दै लाने मार्गमा लाग्नु वा सांसारिक गतिविधिलाई कम गदै लाने मार्गमा लाग्नु

अप्राणक ध्यान : श्वासलाई रोकिराख्ने ध्यान

अरहत् : अरूले गरेको पूजा स्वीकार्न योग्य भएका, क्लेश सबै नाश गरिसकेका

अरहन्त : क्लेश अलिकति पनि नभएको

अवीचिनरक : सबैभन्दा भयानक नरक

आजीवक : निर्ग्रन्थक पक्षका साधुहरू

आनापानस्मृति ध्यान : श्वास भित्र्याउनु बाहिर निकाल्नुमा होश पुऱ्याउने ध्यान

आबुसो : आफूभन्दा कान्छो भिक्षुहरूलाई सम्बोधन गर्दा प्रयोग गरिने शब्द

आर्यपुद्गल : श्रोतापत्ति, सकृदागामि आदि मार्गफल प्राप्त गरिसकेका व्यक्तिहरू

आयुसंस्कार : जीवित हुने आयु अवधि

आसवक्खयञाण : आश्रव नाश गर्न सकिने ज्ञान

आसवक्खयविज्जा : क्लेश आश्रव नाश गर्न सकिने अर्हत्मार्ग ज्ञान

आश्रव : तृष्णा र लठ लाग्ने गरी बानी बसेको अविद्या

इद्धिविधविज्जा : अनेक प्रकारको ऋद्धि देखाउन सक्ने ज्ञान

उपसम्पदा : बीस वर्ष पुगेका व्यक्तिलाई भिक्षु बनाइने प्रकृया

उपस्थापक : सेवक

उपाध्याय : गल्ती र भूललाई नजिकबाट हेर्ने गुरू

उपासक : बुद्ध, धर्म र संघमा आस्था राख्ने, सहयोग गर्ने र धर्म पालना गर्ने व्यक्ति

उपोसथ : शुद्ध स्वच्छ शील, व्रत

ऋद्धि : चमत्कारशक्ति, मनले चिताए झैं हुने

क्लेश : मनमा भएको मैलो-राग द्वेष मोह

गृहकार : शरीररूपी घर बनाउने

चक्रवर्ती राजा : समुद्रपर्यन्त पृथ्वीका अधिपति

चतुरार्यसत्य : दु:खसत्य, दु:खसमुदयसत्य, दु:खनिरोधसत्य र दु:खनिरोधगामिनी प्रतिपदामार्ग सत्य

चेतोपरियविज्जा : अरूको चित्तलाई जान्ने ज्ञान

चंक्रमण : ओहोर दोहोर गरी हिड्नु

चीवर : भिक्षु श्रमणहरूले लगाउने काषय वस्त्र

च्युत्युत्पति : प्राणीहरू मर्नु र जन्मलिनु

जटिल : टाउकोमा कपालको गोला जटा राख्ने फकिरहरू

तथागत : गौतम बुद्धले आफ्नो लागि प्रयोग गर्ने शब्द, बुद्ध

दिब्बचक्खुविज्जा : देवताहरूको आँखाले झैं स्थूल र सूक्ष्म, टाढा र नजिकको देख्न सकिने ज्ञान

दुष्करचर्या : शरीरलाई कष्ट दिएर गरिने कठिन आचरण

द्वैवाचिक उपासक : बुद्ध र धर्मको मात्र शरणमा गएका उपासकहरू तपस्सु र भल्लुक । यी दुई व्यक्ति यसरी शरणमा गएका बेलासम्ममा संघको स्थापना भइसकेको थिएन

धर्मचक्र प्रवर्तन : पहिलो पल्ट गौतम बुद्धले सारनाथमा पञ्चवर्गीय भिक्षुहरूलाई धर्मदेशना गरेको

धर्मचक्षु : धर्मको आँखा (मार्गफल लाभ हुने)

नाम र रूप : चित्त, चैतसिक र रूप

निदान : कारण, भूमिका

निमित्त : लक्षण, कारण

निर्वाण : तृष्णाबाट मुक्त हुनु, सबै

प्रकारका दु:खबाट मुक्त हुनु

पञ्चस्कन्ध : रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान भन्ने पाँच स्कन्ध

पञ्चभद्रवर्गीय भिक्षुहरू : कौडिन्य, वप्प, भद्दिय, महानाम र अस्सजित पाँचजना भिक्षुहरू

परिचारिका : सेविका

परिनिर्वाण : अर्हत्हरूको मृत्यु, क्लेश नभएकाहरू मृत्यु हुने, जन्म हुन नपर्ने गरी मृत्यु हुने

परिव्राजक : ऋषि, फकिर

पृथकजन : मार्गफल प्राप्त नभएका साधारण व्यक्तिहरू (श्रोतापति, सकृदागामि, अनागामि र अर्हत् भइनसकेका)

पुब्बेनिवासविज्जा : पूर्वजन्मको कुरा थाहा पाउने विद्या

प्रज्ञा : भित्रीज्ञान, लौकिक र लोकोत्तर धर्मसम्बन्धी गहिरो ज्ञान

प्रव्रज्या : भिक्षु हुने, ऋषि हुने, दरवार छाड्ने गृहस्थी छाड्ने कार्य, श्रामणेर वा भिक्षु बनाउने प्रकृया

बोधिवृक्ष : बुद्धतव प्राप्त गर्न गौतम बुद्धले जुन पिपलको रूखमुनि बसेर ध्यान गरेका थिए त्यसलाई नै पछि बोधिवृक्ष भनिएको हो । तर सबै बुद्धको बोधिवृद्ध पिपल नभएर फरक फरक पाइएको छ ।

बोधिसत्व : भविष्यमा बुद्ध हुने सत्व, बुद्ध हुने मार्गमा गएको

भद्दन्त : गौरव राख्नु पर्नेलाई सम्मानपूर्वक बोलाइने शब्द

भविष्यव्याकरण : पछि हुने घटना अहिले नै भन्नु, भविष्यवाणी

भावनाविधि : ध्यान गर्ने तरिका

भिक्षाचरण : भिक्षा दान लिनजाने

मनोमयिद्धिविज्जा : मनले चिताए झैं गर्न सकिने ज्ञान

महापरिनिर्वाण : बुद्धको परिनिर्वाण

महाभिनिष्क्रमण : बोधिसत्वहरूद्वारा बुद्ध हुनका लागि गरिने गृहत्याग

मैत्री-भावना : सबै आफूजस्तै सम्झने

रूप : भौतिक स्वभावधर्म

वज्रासन : वज्रजस्तै दृढ भएको आसन

वर्षावास : वर्षायाममा तीन महिनासम्म भिक्षुहरू एकै विहारमा बिताउने

विनय : भिक्षु र भिक्षुणीहरूका लागि बनाइएका व्यावहारिक नियम

विमुक्तिमार्ग : निर्वाणको बाटो

विपस्सनाविज्जा : अनित्य, दुःख र अनात्म भनेर नाम रूप धर्म सबै जान्न सकिने ज्ञान

विपाक : नराम्रो फल र परिणाम

विज्ञान : चित्त

वीर्य : पराक्रम, उद्योग

वेदना : सुख दुःख आदि अनुभव

सत्व : प्राणी

सन्निपात : संग्रह गर्ने, एक साथ भेला हुने

समाधि : ध्यानभावना, कुशल चित्तको एकाग्रता (एक ठाउँमा स्थिर गरिराख्ने)

सम्बोधि : बोधिज्ञान

सम्यकसम्बुद्ध : बुद्ध तीन प्रकारका हुन्छन्,अर्हत्, प्रत्येक बुद्ध र सम्येकसम्बुद्ध । कुनै बुद्धका समक्ष बोधिचर्या गरेर बोधिसत्व भई बुद्धत्व प्राप्त गर्छु भनेर कालान्तरमा बुद्ध नै हुनेलाई सम्यकसम्वुद्ध भनिन्छ, ती सम्यकसम्वद्धहरूमा एक गौतम बुद्ध पनि हुन् ।

स्थविर : भिक्षु (उपसम्पदा, पूर्ण भिक्षुत्व) भई दश वर्ष भएका

स्थूल : स्पष्ट भएको, कोरा खालको

स्मृति : होशमा रहनु संझना

संघस्थविर : संघको समूहमा जेठो भिक्षु

संस्कार : बन्न प्रेरित गर्ने चैतसिक स्वभाव, कुशल-अकुशल कर्म

संस्थागर : सभामण्डल

संज्ञा : संझिरहने

श्रोतापन्न : निर्वाणको समीपमा पुग्ने प्रथम खुडकिला

हेतु : मूल कारण

त्रिपिटक : सुत्रपिटक, विनयपिटक र अभिधम्मविटक गरी तीन वर्गमा विभाजित बुद्धधर्मसम्वन्धी ग्रन्थहरूको संग्रह

त्रैवाचिक : बुद्ध, धर्म र संघको शरणमा जाने

ज्ञातिबन्धु : आफन्तहरू

२९४.३
म२६६बु

डिल्ली रमण रेग्मी कल्याणी रेग्मी स्मारक पुस्तकालय
Dilli Raman Regmi Kalyani Regmi Memorial Library
1997
Kathmandu, Nepal
काठमाडौं, नेपाल

२६३८०

सन्दर्भ सामग्री

उपाध्याय, भरतसिंह । २००१ । बोधिवृक्ष की छाया में (हिन्दी) । नयाँ दिल्लीः सस्ता साहित्य मण्डल प्रकाशन

उपाध्याय, भरतसिंह । २००१। बुद्ध और बौद्ध साधक (हिन्दी) । नयाँ दिल्लीः सस्ता साहित्य मण्डल प्रकाशन

प्रधान, भुवनलाल (अनु.) ।ई.सं. २०००। बुद्धवंश । काठमाडौंः

भिक्षु धर्मरक्षित (अनु.) । १९८३। सुत्तनिपात । नयाँ दिल्ली : मोतीलाल बनारसीदास

वज्राचार्य, दुण्डबहादुर (अनु.) । १९९९ । संयुक्त निकाय (नेपालभाषा) । काठमाडौंः वीरपूर्ण पुस्तक संग्रहालय

वज्राचार्य, दुण्डबहादुर (अनु.) । २००० । दीघनिकाय (नेपालभाषा) । काठमाडौंः वीरपूर्ण पुस्तक संग्रहालय

वज्राचार्य, दुण्डबहादुर (अनु.) । २००० । दीघनिकाय (नेपाली) । काठमाडौंः वीरपूर्ण पुस्तक संग्रहालय

वज्राचार्य, दुण्डबहादुर (अनु.) । १९९७ । मज्झिमनिकाय (नेपालभाषा) । काठमाडौंः वीरपूर्ण पुस्तक संग्रहालय

वज्राचार्य, दुण्डबहादुर (अनु.) । १९९७ । मज्झिमनिकाय (नेपाली) । काठमाडौंः वीरपूर्ण पुस्तक संग्रहालय

वज्राचार्य, दुण्डबहादुर (अनु.) । १९९९ । निदान-कथा (नेपालभाषा) । काठमाडौंः वीरपूर्ण पुस्तक संग्रहालय

बसन्त महर्जनका अनुसन्धानात्मक बौद्ध कृतिहरू:

लुम्बिनी (ऐतिहासिक तथा पुरातात्विक अध्ययन)

गौतम बुद्ध (जीवनी)

बुद्धको आत्मकथा (सम्पादन)

प्रकाशोन्मुख

स्वयम्भू

बौद्ध पुरातत्व

बुद्ध विमर्श

ISBN 9937-8345-4-6

9789937834544

इन्साइट पब्लिकेशन प्रा. लि.
काठमाडौं, नेपाल ।